आ.व २०८१/८२
समय- ८:०० बजे
बैठक संख्या:२०
स्थान: गाउँकार्यपालिकाको कार्यालय

आज मिति २०८२ असार २२ गते आइतबारको दिन यस कुम्मायक गाउँपालिकाका उपाध्यक्ष श्री महेन्द्र बहादुर खड्का ज्यूको अध्यक्षतामा कुम्मायक गाउँकार्यपालिकाको बैठक बसि तपशिलको उपस्थितिमा निम्न बमोजिम निर्णय गरियो।

उपस्थिति:

| क्र सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | उपाध्यक्ष श्री महेन्द्र बहादुर खड्का | अध्यक्ष | |
| २ | श्री देवेन्द्र कुमार लावती | सदस्य | |
| ३ | श्री वालकृष्ण शेर्मा | सदस्य | |
| ४ | श्री बाबुराम कार्की | सदस्य | |
| ५ | श्री फगेन्द्र कुमार सम्बाहाम्फे | सदस्य | |
| ६ | श्री निर्मल राज घिमिरे | सदस्य | |
| ७ | श्री गंगा देवि बोहोरा | सदस्य | |
| ८ | श्री बेद माया चापागाइ | सदस्य | |
| ९ | श्री इन्द्रसरी विश्वकर्मा | सदस्य | |
| १० | श्री धनमाया तामाङ्ग | सदस्य | |
| ११ | श्री डिक बहादुर दर्जी | सदस्य | |
| १२ | श्री लक्ष्मी नेपाली | सदस्य | |
| १३ | श्री जय नारायण खनाल | सदस्य सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १४ | सागर बस्नेत | | |
| १५ | बिपिन निरौला | | |
| १६ | रतन [illegible] | | |
| १७ | " | | |

**प्रस्ताव नं १: आ.व ०८२/८३ को आर्थिक विधेयक २०८२ सम्बन्धमा**

प्रस्ताव नं १ माथि छलफल गर्दा आ.व ०८२/८३ को आर्थिक विधेयक केही संशोधन सहित स्वीकृतको लागि १८ औं गाउँसभाको दोस्रो बैठकमा पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं २: कुम्मायक गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावानलाई कार्यान्वयन गर्न बनेको बिनियोजन विधेयक २०८२ सम्बन्धमा**

प्रस्ताव नं २ माथि छलफल गर्दा कुम्मायक गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावानलाई कार्यान्वयन गर्न बनेको विधेयक २०८२ केही संशोधन सहित स्वीकृतको लागि १८ औं गाउँसभाको दोस्रो बैठकमा पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ३: आधारभूत अस्पताल संचालन तथा व्यवस्थाप ऐन २०८२ सम्बन्धमा**

प्रस्ताव नं ३ माथि छलफल गर्दा विधायन समितिबाट गाउँ कार्यपालिकामा सिफारिस भई पेश भएको आधारभूत अस्पताल संचालन तथा व्यवस्थाप ऐन २०८२ केही संशोधन सहित स्वीकृतको लागि १८ औं गाउँसभाको दोस्रो बैठकमा पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ४: राहत रकम वितरण सम्बन्धमा**

प्रस्ताव नं ४ माथि छलफल गर्दा मिति २०८१/१२/२१ गते आगलागीको कारण कुम्मायक ३ निवासी निर माया लिम्बुको उपचारको क्रममा मिति २०८२/०३/०३ गते मृत्यु भएको हुर्दा विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ को परिच्छेद-४ दफा २२(ग) (अ) बमोजिम वडा कार्यालयको सिफारिस अनुसार रु.३५०००/-(अक्षरुपी पैतिस हजार मात्र) रकम प्रकोप व्यवस्थापन कोषबाट खर्च हुने गरी मृतक परिवार सदस्य कमल विक्रम सम्वाहाम्फेलाई राहत रकम दिने निर्णय गरियो।

**प्रस्ताव नं ५: कर्मचारी तह वृद्धि सम्बन्धमा**

प्रस्ताव नं ५ माथि छलफल गर्दा गाउँपालिकाको तह वृद्धि सिफारिस समिति बैठकको निर्णय तथा पेश भएको आवश्यक कागजात तथा प्रमाणहरुको आधारमा यस कुम्मायक गाउँपालिकामा कार्यरत तपसिलका कर्मचरीको कोशी प्रदेश सरकारबाट जारी "स्थानीय सरकारी सेवा (गठन तथा संचालन ऐन २०८०) तथा कुम्मायक गाउँपालिकाको "कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि २०८१" बमोजिम २०८२ साउन १ गते देखि जेष्ठता कार्यम हुने गरी तह वृद्धि गर्ने निर्णय गरियो।

| क सं | कर्मचारीको नाम थर | हालको पद, स्तर | तह वृद्धि हुने पद,स्तर |
|---|---|---|---|
| १ | प्रदिप सिं तामाङ | शिक्षा अधिकृत, सातौं तह | शिक्षा अधिकृत, आठौं तह |
| २ | अर्पण पौठाक लिम्बु | सव इन्जिनियर, पाँचौ तह | अधिकृत छैठौं तह |
| ३ | भेष राज थापा | प्रविधिक सहायक,पाँचौ तह | शिक्षा अधिकृत,छैठौं तह |

प्रस्ताव नं ६: बाल विकास केन्द्र तथा शैक्षिक संस्थाका सवारी साधनको न्यूनतम मापदण्ड- २०८२ सम्बन्धमा
प्रस्ताव नं६ माथि छलफल गर्दा पेश भएको बाल विकास केन्द्र तथा शैक्षिक संस्थाका सवारी साधनको न्यूनतम मापदण्ड- २०८२ केही संशोधन सहित स्वीकृतको गर्ने निर्णय गरियो।

प्रस्ताव नं ७: सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा
प्रस्तावन नं ७ माथि छलफल गर्दा आ.व २०७८/७९ मा स्वीकृत भएका नागरिक आवास कार्यक्रम अन्तरर्गतका लाभग्राहीहरु मध्ये ५ जनाले सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ को नियम ५ अनुसार सम्झौता भई नियम ६ अनुसार प्रथम किस्ता वापतको रकम निजहरुको बैंक खातामा दाखिला भएकमा हाल यस आ.बमा मात्र ५ जना मध्ये ३ जना क्रमश १. मैत हाङ्गा लावती २.हेमराज शेर्मा र ३.मुक्त बहादुर लिम्बुलाई सम्झौता बमोजिम दोस्रो किस्ता वापतको रकम रु.२०,०००/-(अक्षरुपी बिस हजार मात्र) मात्र कार्य सम्पन्न गर्ने लाभग्राहीको नाममा रकम भुक्तानी गर्ने निर्णय गरियो।

प्रस्ताव नं ८:कुम्मायक गाउँपालिकाको स्थानीय पाठ्यक्रम स्वीकृत सम्बन्धमा
प्रस्ताव नं ८ माथि छलफल गर्दा कुम्मायक गाउँपालिकाको स्वीकृत स्थानीय पाठ्यक्रम अनुसार तयार पारीएको हाम्रो कुम्मायक गाउँपालिका कक्षा ४, ६ र ७ को अन्तिम मस्यौदा माथि निर्माण कार्यदल तथा अन्य सरोकारवालबिच व्यपाक रुपमा छलफल भई स्वीकृत भएको स्थानीय पाठ्यपुस्तक कक्षा ४, ६ र ७ लाई स्वीकृत गरी छपाई तथा पठनपाठनमा प्रयोग गर्ने निर्णय गरियो।

प्रस्ताव नं ९: भुक्तानीको सम्बन्धमा
प्रस्ताव नं ९ माथि छलफल गर्दा तपसिल बमोजिमका यस कार्यालयमा भुक्तानीको निम्ति माग भएको खर्च शिर्षकहरु निम्नानुसार शिर्षकबाट रकमान्तर गरी अपुग खर्च रकम भुक्तानी गर्ने निर्णय गरियो।

| क.स. | पेश भएको विवरण | रकम रु. | भुक्तानि माग गर्ने व्यक्ति/फर्म आदि | कैफियत | रकमान्तर गरिने शिर्षक |
|---|---|---|---|---|---|
| १ | आँखा शिविर को होटल खर्च २५ र २६ गते संचालित | ४१,०००/- | कुम्मायक आँखा उपचार केन्द्र यासोक | चालु | पारिश्रमिक पदाधिकारी |
| २ | आँखा शिविर को होटल खर्च २५ र २६ गते संचालित | ५९,०००/- | होटल सिम्रिक एण्ड गेष्ट हाउस | चालु | पारिश्रमिक पदाधिकारी |
| ३ | इन्धन कार्यालय | ५,१०,००० | झर्ना स्टोर्स | चालु | करार सेवा शुल्क |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | सवारी साधन मर्मत खर्च | ४,००,०००/- | विभिन्न फर्महरुबाट | चालु | अन्य भत्ता |
| ५ | अतिथि सत्कार खर्च | ५०,०००/- | होटल सिभिक एण्ड गेष्ड हाउस | चालु | कर्मचारी पोषाक |
| ६ | दोस्रो ओयाक्जुङ गोल्डकप पालिका सहभागि खर्च | ५३,८५०/- | कुमार खड्का | चालु | कर्मचारी पोषाक |
| ७ | जिल्ला प्रशासनको फोटो आर्ट | २५,०००/- | रोविन आर्ट सेन्टर | चालु | कर्मचारी पोषाक |
| ८ | स्वास्थ्य चौकि स्यावरुम्बा फलैचा निर्माण | २८,८४५/- | स्वास्थ्य चौकि स्यावरुम्बा | चालु | कर्मचारी पोषाक |
| ९ | चोलुङ हरित पार्कमा गरेको कार्य | ५०,०००/- | दर्शन सम्वाहाम्फे | चालु | कर्मचारी पोषाक |
| १० | सशस्त्र प्रहरी बल इन्धन सहयोग खर्च | ३०,३०० | लक्ष्मि ट्रेड एण्ड इन्जरप्राइजेज | चालु | कर्मचारी पोषाक |
| ११ | कर्मचारि तथा पदाधिकारी बैठक भत्ता | ४,००,०००/- | | चालु | करार सेवा शुल्क |
| | | १९,२२,१४५ | | | |

प्रस्ताव नं १०: रोजगार रणनीति सम्बन्धमा ।

प्रस्ताव नं १० माथि छलफल गर्दा कुम्मायक गाउँपालिकाद्वारा तयार गरिएको कुम्मायक गाउँपालिकाको "पाँच बर्षे रोजगार रणनीति-२०८०" (अध्यावधिक) लाई सर्व सम्मत पारित गरियो ।

प्रस्ताव नं ११: नेपाल आदिवासी जनजाति पत्रकार महासंघ सम्बन्धमा

प्रस्ताव नं ११ माथि छलफल गर्दा नेपाल आदिवासी जनजाति पत्रकार महासंघलाई लक्षित बर्ग खर्च शिर्षकबाट रु.२५०००/- (अक्षरुपी पच्चिस हजार मात्र) रकम दिने निर्णय गरियो।

प्रमाणित
मिति २०८१।३।२२
सही: